# प्रेस विज्ञप्ती - १३९
# Press Release-139

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर,काठमाडौं

मिति:-२०७२/०४/२४ गते ।

## भारतिय नागरिकको साथ बाट अवैध लागू औषध ४०० ग्राम खैरो हेरोईन बरामद

यस लागू औषध नियन्त्रण व्यूरो बाट खटिएको विषेश टोलीले गोप्य सूचनाको आधारमा निम्न मिति र स्थान बाट नेपाली तथा भारतिय नागरिकहरुलाई अबैध लागू औषध खैरो हेरोईन सहित पक्राउ तथा बरामद गरी आबश्यक अनुसन्धान भई रहेको प्रारम्भिक अनुसन्धानमा निज प्रक्राउ परेका ब्यक्तिले भारतको बैरगानिया विहारबाट लागू औषध ल्याएर काठमाण्डौका क्याम्पस, बोडिङ्ग होस्टल आदि लाई लक्षित गरी बिक्रि बितरण गर्ने गरेको पाइएको र यस अपराधमा सलग्न अन्य ब्यक्तिहरुको खोज तलास भई रहेको र उक्त ४०० ग्राम लागू औषधको अवैध बजार मूल्य १६ लाख नेपाली रुपैया रहेको ।

(१) मिति २०७२।०४।२१ गते जिल्ला ललितपुर,ल.पु उप.म.न.न.पा.१ मंगलबजार बस्ने बर्ष ४० को सुरोज मर्हजनलाई अबैध लागू औषध खैरो हेरोईन ९० ग्राम ,नाईट्राजेपाम ६० ट्याब्लेट र गाँजा १५ ग्राम सहित का.जि.का.म.न.पा.३५ कोटेश्वरबाट पक्राउ तथा बरामद गरी यस लागु औषध नियन्त्रण ब्यूरोबाट थप अनुसन्धान भैरहेको ।

(२) मिति २०७२।०४।२४गते भारत सितामढी घर बताउने बर्ष २८ को संजय प्रसाद साहलाई अबैध लागू औषध खैरो हेरोईन १६० ग्राम सहित का.जि.का.म.न.पा. ३५ कोटेश्वरबाट पक्राउ तथा बरामद गरी यस लागू औषध नियन्त्रण व्यूरोबाट थप अनुसन्धान कार्य भईरहेको ।

(३) मिति २०७२।४।२४ गते भारतिय नागरिक बर्ष ६५ को राम चन्द्र महतोलाई अबैध लागू औषध खैरो हेरोईन १५० ग्राम सहित का.जि.का.म.न.पा. ३५ कोटेश्वरबाट पक्राउ तथा बरामद गरी यस लागू औषध नियन्त्रण व्यूरोबाट थप अनुसन्धान कार्य भईरहेको ।

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८
ईमेल : ncb@nepalpolice.gov.np, ncbnepal@gmail.com




